# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सेरिगाउँ, रुकुम पश्चिम
## कर्णाली प्रदेश, नेपाल

phone: 088530261, 9857826333
website:musikotmunrukum.gov.np
email: ito.musikotmun@amail.com


प.स. २०७८/०७९ मितिः २०७८/१०/१२
च.न. १४५८

विषयः सूचना पठाईएको सम्बन्धमा ।

श्री सबै वडा कार्यालय,
मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)।

प्रस्तुत सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७८/०७/२५ र यस कार्यालयको मिति २०७८/०८/०७ गते कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी प्रकाशित सूचना अनुसार ताहाँ वडा कार्यालय मार्फत संकलित परिवारहरुको विवरण कम्प्युटर प्रणालीमा प्रविष्ट गरी तहाँ वडाका जन प्रतिनिधिहरू तथा कर्मचारीहरुको संलग्नतामा कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ ले तोकेको मापदण्डमा नपर्ने केही परिवारको विवरण समेत कट्टा गरी सकिएको छ । यसै पत्र साथ संलग्न सूची बमोजिमका परिवारहरु वास्तविक रुपमा कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार हुनकी हैनन् ? दावि विरोधको लागि उक्त कार्यविधिको अनुसूची ३ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने भएकोले यसै पत्र साथ संलग्न सूचना ३ दिनको लागि तहाँ वडा कार्यालयमा प्रकाशन गरी सोको जानकारी यथासिघ्र यस कार्यालयलाई उपलब्ध गराई दिनुहुन अनुरोध छ । साथै दावि विरोधबाट अन्तिम रुपमा टुङ्गो लागेका परिवारहरुको विवरण कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम संकलन गरी पठाउन समेत जानकारी गराईन्छ ।

(नरहरी तिवारी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत